नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)

# ब्रेन पुलिङ्ग (Brain Pooling) नेपाल कार्यक्रम कार्यविधि, २०७६

## १. प्रस्तावना

विज्ञान तथा प्रविधिको विकास विना राष्ट्रको समुचित विकास संभव छैन । यसका लागि विज्ञान तथा प्रविधिका विषयहरूमा नवीनतम ज्ञान र सीप भएका दक्ष जनशक्तिको अनिवार्य आवश्यकता भए तापनि प्रतिभावान् वैज्ञानिक प्राविधिक जनशक्तिहरू विदेशिने क्रम बढिरहेको छ ।

यसै प्रसङ्गमा नास्टले विगतमा "फर्क है फर्क वैज्ञानिक तिमीलाई डाक्छ नेपाल" नामक कार्यक्रम मार्फत विदेशमा प्रशिक्षित जनशक्तिलाई देशमा ल्याएर योगदान पुऱ्याउने अवसर श्रृजना गरेकोमा हाल उक्त कार्यक्रमको नाम परिमार्जन गरी आर्थिक वर्ष २०७६/७७ देखि यो कार्यविधि मार्फत "ब्रेन पुलिङ्ग, नेपाल" कार्यक्रम सञ्चालनमा ल्याईएको छ ।

यस कार्यक्रम मार्फत विदेशमा कार्यरत विशिष्ट प्रतिभाका नेपाली नागरिक वा गैरआवासीय नेपालीलाई नेपालमा निश्चित अवधिका लागि आफ्नो ज्ञान र सीपका माध्यमबाट राष्ट्रलाई योगदान पुऱ्याउने लक्ष्य रहेको छ ।

यो कार्यविधिको नाम "ब्रेन पुलिङ्ग नेपाल कार्यक्रम कार्यविधि, २०७६" रहेको छ । यो कार्यविधि नास्ट व्यवस्थापन परिषद्बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## २. उद्देश्य

क. स्वदेश वा विदेशमा कार्यरत विशिष्ट प्रतिभाका नेपाली नागरिक वा गैरआवासीय नेपालीले विज्ञान प्रविधिका विभिन्न विधाहरूमा आफ्नो ज्ञान र सीपका माध्यमबाट राष्ट्रलाई यथासक्य योगदान पुऱ्याउने ।

ख. कार्यको सिलसिलामा विदेशमा रहे तापनि जन्मभूमिको विकासमा योगदान दिन चाहने दक्ष जनशक्तिलाई देशमा भित्र्याउने वातावरणको श्रृजना गर्ने ।

ग. स्वदेश वा विदेशमा रही विज्ञान तथा प्रविधि क्षेत्रमा कार्यरत नेपाली नागरिक वा गैरआवासीय नेपालीको डाटावेस (Data Base) बनाउने ।

३. प्राथमिकताका क्षेत्रहरू

क. वन, कृषि तथा खाद्य सुरक्षा,

ख. ऊर्जा,

ग. वातावरण तथा जलवायु परिवर्तन,

घ.	पूर्वाधार विकास,

ङ.	प्राकृतिक प्रकोप,

च.	जनस्वास्थ्य तथा औषधि विज्ञान,

छ.	जैविक विविधता, संरक्षण एवं प्रविधि विकास र

ज.	सूचना प्रविधि ।

यो कार्यक्रम मार्फत माथि उल्लिखित क्षेत्रहरू बाहेकका अन्य आवश्यकताका क्षेत्रहरूमा अनुसन्धानका लागी बन्देज लगाएको मानिने छैन ।

**३. योग्यता**

यस कार्यविधिको प्रयोजन निम्ति वैज्ञानिक/प्राविधिज्ञको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

क.	विदेशमा रहेका नेपाली नागरिक वा गैरआवासीय नेपाली,

ख.	विज्ञान तथा प्रविधिका विषयहरूमा कम्तिमा स्नातकोत्तर वा सो भन्दा माथिको उपाधी हासिल गरेको,

ग.	विज्ञान तथा प्रविधिको क्षेत्रमा उच्च अध्ययनका क्रममा सम्बन्धित विषयमा गहनअनुसन्धान गरेको एवं Scientific Citation Index ( SCI or extended) भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा First Author वा Corresponding Author को रूपमा कम्तिमा ५ वटा अनुसन्धान कृतिप्रकाशित गरेको र क्युमुलेटिभ इम्प्याक्ट फ्याक्टर (Cumulative Impact Factor) कम्तिमा २० भएको ।

घ.	उच्च प्राज्ञिक पृष्ठभूमि भएको ।

**४. अनुसन्धानका लागि व्यवस्था**

यस कार्यक्रम अन्तर्गत छनोट हुने वैज्ञानिक/प्राविधिज्ञ/विज्ञ ले अनुसन्धान गर्ने सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

क.	छनोट भएका वैज्ञानिक/प्राविधिज्ञले नास्ट वा नेपाल भित्रका अन्य प्राज्ञिक संघ/संस्था वा विभाग अन्तर्गत रहेर अनुसन्धान गर्नु पर्नेछ ।

ख.	अन्य प्राज्ञिक संस्थाको हकमा आवेदक वैज्ञानिक/प्राविधिज्ञ/विज्ञ लाई काम गर्न आवश्यक पर्ने कोठा, प्रयोगशाला, उपकरण तथा प्रशासनिक सहयोग लगायत आधारभूत सुविधा उपलब्ध गराउन सम्बन्धित संस्था (Host Institution) को लिखित प्रतिवद्धता सहित आवेदन पेश गर्नु पर्नेछ भने नास्टमा रही काम गर्ने वैज्ञानिक/प्राविधिज्ञलाई नास्टको सम्बन्धित प्रयोगशालामा रही नास्टमा उपलब्ध उपकरण प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ ।

ग. अनुसन्धानको अवधि कम्तिमा तीन महिनादेखि एक वर्षसम्मको हुनेछ। आवश्यकता अनुसार अवधि थप गर्न सकिनेछ।

घ. मूल्याङ्कन एवं औचित्यका आधारमा अनुसन्धान अवधि नवीकरण गर्न सकिनेछ।

ङ. छनोट भएको वैज्ञानिक/प्राविधिज्ञ/विज्ञ ले पूर्णकालीन शोधकर्ता वा Knowledge Sharing Expert को रूपमा कार्य गर्नु पर्नेछ। उक्त अवधिमा अन्य संस्था वा निकायसित संयुक्त अनुसन्धान गर्नु पर्ने भएमा उक्त अवधिभर प्रतिष्ठानको स्वीकृति लिएर अनुसन्धान कार्य गर्न सकिनेछ।

च. वैज्ञानिक/प्राविधिज्ञ/विज्ञ ले आफ्नो अनुसन्धान वा शोधको प्रगति विवरण प्रत्येक तीन महिनामा नास्टमा पेस गर्नु पर्नेछ।

छ. अनुसन्धानकर्ताबाट सम्पादित अनुसन्धान कार्यको आवधिक मूल्याङ्कन गर्न देहाय बमोजमको मूल्याङ्कन समिति रहनेछः

| | | |
|---|---|---|
| १. | सम्बन्धित विषयको प्राज्ञ वा विज्ञ | संयोजक |
| २. | सम्बन्धित संकाय प्रमुख | सदस्य |
| ३. | प्रमुख, प्रवर्द्धन तथा प्रचार महाशाखा | सदस्य-सचिव |

आवश्यकता बमोजिम सम्बन्धित विषयको नास्ट भित्र वा बाहिरका विज्ञहरूलाई मूल्याङ्कनका लागि आमन्त्रण गर्न सकिनेछ।

## ५. आवेदन तथा छनोट प्रक्रिया

क. नास्टले विद्युतीय सञ्चार माध्यमबाट तोकिएको विषय क्षेत्रमा अनुसन्धानका लागि उपयुक्त उम्मेदवार छनोट निम्ति बुँदा नं. ३ मा उल्लेख भए अनुसार योग्यता पुगेका वैज्ञानिक प्राविधिज्ञहरूबाट दरखास्तका साथ अनुसन्धान प्रस्ताव पेश गर्नका लागि आवेदन आव्हान गर्नेछ। त्यस्ता आवेदन बुझाउने समय को सीमा हुने छैन। विदेशमा कार्यरत ईच्छुक विज्ञले वर्षैभरी आफ्नो अनुकूल समयमा अनुसन्धान प्रस्ताव तथा आतिथ्यता गराउन ईच्छुक संस्थाको लिखित स्वीकृतीका साथ आवेदन पेश गर्नु पर्नेछ।

ख. संकलित आवेदनहरूको छनोट वर्षमा दुईपटक गरिनेछ र सो छनोट अवधिको अग्रीम जानकारी आवेदकहरूलाई गराईनेछ।

ग. आवेदनमा अनुसन्धान प्रस्तावको अवधारणापत्र १० पेज नबढाई दिईएको ढाँचामा पेश गर्नु पर्नेछ।

घ. अनुसन्धान वा शोधका लागि प्रस्ताव स्वीकृत भएपछि वैज्ञानिक/प्राविधिज्ञ/विज्ञ ले स्वीकार-पत्र लिनु पर्नेछ। करार संझौता गराई अनुसन्धान कार्यारम्भ गराईनेछ।

## ६. छनोट समिति गठन

आवेदकहरूमध्येबाट प्राप्त उपयुक्त प्रस्तावको छनोट गर्नका लागि देहाय बमोजिमको एक समिति गठन गरिने छ:

| | | |
|---|---|---|
| क. | सम्बन्धित विषयको प्राज्ञ | अध्यक्ष |
| ख. | विज्ञान तथा प्रविधि मन्त्रालय प्रतिनिधि | सदस्य |
| ग. | प्रमुख, विज्ञान संकाय | सदस्य |
| घ. | प्रमुख, प्रविधि संकाय | सदस्य |
| ङ. | प्रमुख, प्रवर्द्धन तथा प्रचार महाशाखा | सदस्य-सचिव |

७. बुँदा नं. ६ बमोजिम गठित समितिले प्रस्तावको मूल्याङ्कन गर्ने काममा आवश्यकता अनुसार विज्ञहरूको सहयोग लिन सक्नेछ। समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. सुविधा र सर्त

छनोट भएका वैज्ञानिक/प्राविधिज्ञ/विज्ञ लाई नास्टबाट देहाय बमोजिमको सुविधा उपलब्ध गराइनेछ:

८.१. सुविधा

क. प्राज्ञिक विशिष्टताका आधारमा छानिएका वैज्ञानिक/प्राविधिज्ञलाई छनोट समितिले गर्ने सिफारिस समेतको आधारमा नास्टको अधिकृत द्वितीय, प्रथम वा विशिष्ट श्रेणी बराबर मासिक पारिश्रमिक प्रदान गरिनेछ।

ख. छानिएका वैज्ञानिक/प्राविधिज्ञ र प्रतिष्ठान बीच हुने सहमति अनुसार अन्य सुविधा (आवास, यातायात, आदि) व्यवस्था गर्न सकिने छ।

ग. प्रयोगशाला सम्बन्धी सुविधा बुँदा नं. ४ ख मा उल्लेख भए बमोजिम हुनेछ।

घ. सुरूवाती अनुसन्धान सुनिश्चितताका लागि अधिकतम ने.रू. पाँच लाखसम्म वृत्ति पेश्की प्रदान गरिनेछ। सोको बील भरपाई लिई पेश्की फछ्र्यौट गर्नु पर्नेछ।

ङ. यस कार्यक्रम अन्तर्गत सञ्चालित अनुसन्धानका साथै सेवा सुविधाका सम्पूर्ण खर्च नास्टको कार्यक्रममा विनियोजित बजेटबाट व्यहोरिने छ ।

८.२. सर्त

क. तोकिएको क्षेत्रमा नेपाली जनताको स्तर वृद्धि तथा देश विकासमा योगदान पुग्न सक्ने अनुसन्धानात्मक कार्य गर्नु पर्नेछ ।

ख. अनुसन्धान कार्य नास्टले तोकेको प्राज्ञ वा वैज्ञानिकको समन्वयमा रही गर्नु पर्नेछ ।

ग. आफुले गरेको अनुसन्धानबाट प्राप्त नतिजालाई राष्ट्रिय, अन्तर्राष्ट्रिय ख्याति प्राप्त जर्नलमा प्रकाशन गर्नु पर्नेछ । साथै प्राप्त प्राविधिक उपलब्धीलाई पेटेन्ट राइट प्राप्त गर्न आवश्यक प्रक्रिया अवलम्बन गर्नु पर्नेछ । यस क्रममा सिर्जना हुने पेटेन्ट राइटको हक प्रतिष्ठानको नियमानुसार हुनेछ ।

घ. सम्बन्धित वैज्ञानिक/प्राविधिज्ञ र सम्बन्धित संस्था (Host Institution) बीच भएको समझदारी अनुरूप कार्य सम्पादन नभएमा कुनै एक पक्षको कमसेकम १ महिनाको अग्रीम जानकारी सहित करार अनुरूपको सम्झौता रद्द गर्न सकिनेछ ।

**स्वदेश तथा विदेशमा कार्यरत नेपाली नागरिक वा गैरआवासीय नेपालीलाई नास्टले दिने सम्मानको विशेष व्यवस्था सम्बन्धमा ।**

१. अति विशिष्ट प्रतिभा भएका नेपाली नागरिक वा गैरआवासीय नेपालीलाई नेपालको विज्ञान तथा प्रविधिको विकासमा विशेष सहयोग गरेको पाइएमा “मानार्थ फेलो” को उपाधि प्रदान गर्न सकिनेछ ।

२. स्वदेश वा विदेशमा कार्यरत नेपाली नागरिक वा गैरआवासीय नेपालीले स्वदेश वा विदेशमा स्थापित गरेको विशिष्टताको आधारमा नास्टसँग सहकार्य गरी विज्ञान तथा प्रविधिको क्षेत्रमा पुर्‍याउन सक्ने योगदानदेखि प्रविधि हस्तान्तरण गर्नेसम्मको कार्य गर्न सक्ने महानुभावहरुलाई नास्टको आव्हान बमोजिम परेका प्रस्ताव वा आवेदनमा नास्टबाट गठित मूल्याङ्कन समितिबाट सिफारिस भई उपकुलपतिबाट स्वीकृत भएपछि “नास्ट एमेनेन्ट फेलो” (NAST Eminent Fellow) बाट आवद्धता प्रदान गर्न सकिनेछ । सो आवद्धता प्राप्तकर्ताको बारे सम्बन्धित नेपाली राजदूतावासमा प्रज्ञा प्रतिष्ठान र आवद्धता प्राप्तकर्ता दुवैतर्फबाट जानकारी गराउनु पर्नेछ ।

३. स्वदेश वा विदेशमा कार्यरत नेपाली नागरिक वा गैरआवासीय नेपाली युवा वैज्ञानिक/प्राविधिज्ञ (४० वर्ष ननाघेको) ले नास्टसँगको सहकार्य मार्फत वा अनुसन्धान एवं प्रविधि विकासको लागि कार्य गरेको पाइएमा त्यस्ता महानुभावहरुलाई नास्टको आव्हान बमोजिम परेका प्रस्ताव वा आवेदनमा नास्टबाट गठित मूल्याङ्कन समितिबाट सिफारिस भई उपकुलपतिबाट स्वीकृत भएपछि "नास्ट एसोसियट फेलो" (NAST Associate Fellow) बाट आवद्धता प्रदान गर्न सकिनेछ ।

४. बुँदा नं. २ र ३ मा उल्लेखित पदहरुको पदावधि १ वर्षको हुनेछ । कार्य मूल्याङ्कनको आधारमा पदावधि थप गर्न सकिनेछ ।

५. उपरोक्त फेलोहरुको लागि बुँदा नं. ६ मा उल्लेख भए अनुसारको छनोट समितिले छनोट गरी सिफारिस गर्नेछ ।

६. यस प्रकारको सम्मान प्राप्तकर्तालाई प्रज्ञा प्रतिष्ठानबाट कुनै थप आर्थिक तथा अन्य सुविधा प्रदान गरिने छैन ।

९. विविध

यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा वा अड्चन आईपरेमा बाधा अड्काउ फुकाउन सक्ने अधिकार नास्टमा निहीत हुनेछ ।